# गोदावरी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

बज्रवाराही, ललितपुर
वागमती प्रदेश, नेपाल

# स्थानीय राजपत्र

भाग - १ अङ्क-१५ २०७६/११/०२

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४
बमोजिम नगरसभाको बैठक
२०७६/११/०२
बाट स्वीकृत

# गोदावरी नगरपालिकाको नगर प्रहरी ऐन, २०७६

सार्वजनिक जानकारी तथा कार्यान्वयनका लागि
*देहाय बमोजिम प्रकाशित गरिएको छ ।*

## प्रस्तावना

स्थानीय सरकारका रूपमा गोदावरी नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यमा सहयोग पुऱ्याउँदै नगर भित्र सुव्यवस्था कायम गर्न तथा नगरपालिकाको निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउन नगर प्रहरीको संचालन एवं परिचालन कार्यलय व्यवस्थित बनाउनु पर्ने आवश्यकता रहेकोले नेपालको संविधानको धारा ५७(४) र अनुसूचि ८ मा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी गोदावरी नगरपालिकाको नगर सभाले यो बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "गोदावरी नगरपालिकाको नगर प्रहरी ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

क. "प्रमुख" भन्नाले गोदावरी नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख. "उप प्रमुख" भन्नाले गोदावरी नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

ग. "नगर कार्यपालिका" भन्नाले गोदावरी नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

घ. "नगर सभा" भन्नाले गोदावरी नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

ङ. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

च. "नगर प्रहरी ऐन" भन्नाले गोदावरी नगरपालिकाको नगर प्रहरी ऐन, २०७६" सम्झनु पर्दछ ।

छ. "कार्यालय" भन्नाले गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गोदावरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

झ. "नगर प्रहरी" भन्नाले गोदावरी नगरपालिकाको नगर प्रहरी प्रमुख र अन्य नगर प्रहरी समेत लाई जनाउँदछ ।

२. **नगर प्रहरीको व्यवस्था :** (१) गोदावरी नगरपालिकाको छुट्टै नगर प्रहरी रहनेछ जसलाई गोदावरी नगर प्रहरीको नामले समेत चिनिनेछ ।

(२) नगर सभाबाट विनियोजित बजेटको सीमा भित्र रही कार्यालयले प्रमुखस्तरीय निर्णयबाट आवश्यक संख्यामा नगर प्रहरी सेवा करारमा लिन सक्नेछ ।

(३) कार्यालयले आवश्यक ठानेमा हाल कार्यरत रहेका कर्मचारीहरू मध्येबाट नै छनौट गरी माथि उपदफा (२) मा उल्लेखित बजेटको सीमा भित्र रही आवश्यक संख्यामा नगर प्रहरी सेवा करारमा लिन बाधा पुगेको मानिने छैन ।

३. **नगर प्रहरीको सञ्चालन एवं परिचालन :** (१) कार्यालयले नगर प्रहरीको नेतृत्व एवं परिचालन गर्न कम्तीमा प्रहरी सहायक निरीक्षक बराबरको पारिश्रमिक सुविधा पाउने गरी एक जना नगर प्रहरी प्रमुख तोक्नेछ ।

(२) नगर प्रहरीको प्रभावकारी परिचालनका लागि प्रहरी हवल्दारले पाउने पारिश्रमिक सुविधा पाउने गरी २ जना नगर प्रहरी हवल्दार सेवा करारमा लिन सकिने वा हाल कार्यरत नगर प्रहरी मध्येबाटै नगर प्रहरी हवल्दारको रूपमा कामकाज गर्ने गरी कार्यालयले तोक्न सक्नेछ।

(३) नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनको अधीनमा रही कार्य गर्नेछ र दैनिक रूपमा नगर प्रहरीबाट भए गरेको कार्य सम्पादनको प्रतिवेदन नगरपालिकाका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समक्ष दिनेछ ।



(४) प्रत्येक नगर प्रहरीले नगर प्रहरी प्रमुखको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनको मातहत रही कार्य गर्नेछ । नगर प्रहरीले पालन गर्नु पर्ने अनुशासन एवं आचरण उल्लंघन गर्ने नगर प्रहरीलाई नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई अनुशासनात्मक सजाय दिन सक्नेछ ।

(५) नगरपालिकाको कामको सिलसिलामा नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको पालन गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

(६) नगर प्रहरीको ड्युटीको खटन पटन तथा अन्य जिम्मेवारीको बाँडफाँड नगर प्रहरी प्रमुखले गर्नेछ र सोको जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई दिनेछ ।

४. **कार्य विवरण :** (१) ऐनको दफा ११(२) को खण्ड(क) को (२) मा उल्लेखित कार्यहरूमा कार्यालयले नगर प्रहरी परिचालन गर्नेछ । साथै, कार्यालयले आवश्यक ठानेको कार्यालयको अन्य काममा समेत नगर प्रहरी खटाउन सकिनेछ ।

(२) नगर प्रहरीलाई कार्यालयले जुनसुकै समय जुनसुकै बखत काममा लगाउन सक्नेछ।

(३) नगर प्रहरी प्रमुखले नगर प्रहरीको हाजिरी, बिदा तथा इयुटी रोस्टरको अभिलेख अद्यावधिक गरी राख्नेछ ।

५. **आचरण :** (१) नगर प्रहरीले देहायको आचरणहरू पालन गर्नु पर्नेछः

क. नगर प्रहरीले प्रचलित कानून तथा नगरपालिकाको निर्णय, नीति नियमको पालन गर्नेछ ।

ख. प्रहरीले पालन गर्नु पर्ने समय तथा आज्ञापालन लगायत अन्य अनुशासन सम्बन्धी कुरा पालन गर्नु पर्नेछ ।

ग. नगर प्रहरीले कामको सिलसिलामा सुपरीवेक्षक वा सम्बन्धित माथिल्लो अधिकृतले दिएको आदेशको पालन गर्नेछ ।

घ. नगर प्रहरीले नगरपालिकाका कर्मचारी, सेवाग्राही तथा नगरवासी प्रति सम्मान र आदर भाव राख्नु पर्नेछ ।

ङ. स्वच्छ चरित्र एवं आचरणयुक्त हुनु पर्नेछ ।

च. ड्युटीमा खटिएको समयमा पान, गुट्खा, सूर्तिजन्य पदार्थ वा मद्यपान गर्नु हुँदैन ।

छ. नगरपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुँदैन ।

ज. नगर प्रहरीले राजनीति वा राजनैतिक गतिविधि, धर्ना, जुलुसमा सामेल हुनु हुँदैन।

झ. आफूलाई तोकिएको जिम्मेवारी र कर्तव्य निष्पक्षता एवं निर्भीकता पूर्वक निर्वाह गर्नु पर्दछ ।

६. **पोशाक, चिन्ह आदि :** नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक, किसिम, सोको रंग तथा निजले धारण गर्ने सुरक्षा तथा सञ्चारका साधन कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।

७. **संचार सेट :** नगर प्रहरीको कार्य सम्पादन प्रभावकारी बनाउन कार्यालयले आवश्यक संचार सेट लगायतका आवश्यक साधन उपलब्ध गराउन सक्नेछ ।

८. **निरीक्षण :** नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको ड्युटीको जुनसुकै बखत निरीक्षण गर्न र आवश्यक ठानेको निर्देशन दिन सक्नेछ ।

९. **आवास :** नगर प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१०. **पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधा :** (१) नगर प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त, सुविधा कार्यालयले तोके बमोजिम वा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करार म्याद आवश्यकता अनुसार नवीकरण गर्न सकिनेछ ।



(३) माथि उपदफा (२) मा जुनसुकै कुरा लेखेको भए तापनि कार्य सम्पादन स्तर संतोषजनक नरहेको नगर प्रहरीको करार म्याद कार्यालयले नवीकरण गर्ने छैन ।

११. **तालीम :** कार्यालयले नगर प्रहरीलाई समय समयमा आवश्यक सुरक्षा सम्बन्धी तथा अन्य तालीमको व्यवस्था गर्न सक्नेछ ।

१२. **अंगरक्षकको रूपमा कार्य गर्ने :** कार्यालयले आवश्यक ठानेमा नगर प्रहरीलाई प्रमुख, उप प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतको अंगरक्षकको रूपमा कार्य गर्ने गरी खटाउन सक्नेछ ।

१३. **प्रतिवेदन :** नगर प्रहरीले गरेको कार्य सम्पादनको साप्ताहिक एवं मासिक प्रतिवेदन नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत् प्रमुख समक्ष पेश गर्नेछ ।

१४. **छानबिन :** नगर प्रहरीले कानून विपरीत वा बद्नियत पूर्वक कार्य गरेको भनी कार्यालयमा उजूरी वा गुनासो पेश हुन आएमा सो उपर प्रमुख प्रशासकीय अधिकृतले छानबीन गर्न गराउन र आवश्यक कारवाही गर्न सक्नेछ ।

१५. **सजाय, कारवाही तथा बर्खास्तगी :** कुनै नगर प्रहरीले प्रचलित कानून वा नगरपालिकाको निर्णय, नीति नियम विपरितको कार्य गरेमा वा बदनियतपूर्वक कार्य गरी नगरपालिकालाई हानी नोक्सानी पुऱ्याएमा वा आचरण सम्बन्धी कुरा पालन नगरेको वा अनुशासनहीन कार्य गरेमा वा नगरपालिकाको कामको सिलसिलामा कार्यालयले दिएको आदेश/निर्देशनको पालन नगरेमा निजललाई नसिहत दिन, पद घटुवा गर्न वा अन्य आवश्यक सजाय वा कारवाही गर्न वा जुनसुकै बखत निजलाई प्रमुख प्रशासकीय अधिकृतले सेवाबाट हटाउन सक्नेछ ।

१६. **पुरस्कार :** प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने नगर प्रहरीलाई कार्यालयले उचित ठऱ्याएको पुरस्कार दिन सक्नेछ ।

१७. **कार्य सञ्चालन प्रक्रिया :** कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

१८. **दमकल कर्मचारी सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाका दमकल कर्मचारी नगर प्रहरी प्रमुखको मातहत रही कार्य गर्नेछन् ।

(२) दमकल कर्मचारी सम्बन्धी अन्य व्यवस्था कार्यालयले तोके बमोजिम हुनेछ । कार्यालयले दमकल सञ्चालन सम्बन्धी कार्य सञ्चालन प्रक्रिया बनाई लागू गर्न सक्नेछ ।

१९. **नियम, कार्यविधी बनाउन सक्नेः** नगर प्रहरी ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधी बनाउन सक्नेछ ।

२०. **बचाउ :** (१) यस ऐनमा लेखिए जति कुराको हकमा यसै ऐन बमोजिम हुनेछ ।

(२) यो ऐन लागू हुनु अगावै कार्यालयबाट नगर प्रहरी सम्बन्धमा सेवा करारमा लिने लगायतका भए गरेका अन्य काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले

वीरेन्द्रदेव भारती

प्रमुख प्रशासकीय अधिकृत